"सहिदभूमि गाउँपालिकाको समृद्धि : शिक्षा, स्वास्थ्य, पर्यटन र कृषि"

# सहिदभूमि गाउँपालिका
Sahidbhumi Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive

प.सं.
च.नं.

पिप्ले, धनकुटा
Piple, Dhankuta

कोशी प्रदेश, नेपाल
Koshi Province, Nepal

## चार पाङ्ग्रे हलुका सवारी (Category-B,) तालिमका लागि दरखास्त आह्वानको सूचना !
## (पहिलो पटक प्रकाशित मिति: २०८३/०२/२८)

यस सहिदभूमि गाउँपालिकाले प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२ मा निर्वाचन प्रहरीका रूपमा खटिएका व्यक्तिहरुमध्ये आर्थिक रूपमा विपन्न तथा यसअघि यसै प्रकृतिको कुनै पनि तालिम वा सुविधा नलिएका स्थायी बासिन्दा इच्छुक नेपाली नागरिकहरूबाट सूचना प्रकाशित भएको मितिले ५ (पाँच) दिन भित्र (कार्यालय समयभित्र) तोकिएका कागजातहरू सहित दरखास्त पेश गर्नुहुन आह्वान गरिन्छ।

**१. न्यूनतम योग्यता तथा प्राथमिकता:**

- उमेर: दरखास्त दिने अन्तिम मितिसम्म १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने।
- शैक्षिक योग्यता: साधारण लेखपढ गर्न जान्ने (कम्तीमा कक्षा ८ उत्तीर्णलाई प्राथमिकता दिइने)।
- निवेदन पेश भइ आएका मध्ये अधिकतम २५ जना ।

**२. आवश्यक पर्ने कागजातहरू:**

- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि - १ प्रति।
- प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२ मा निर्वाचन प्रहरीमा खटिएको खुल्ने प्रमाणपत्र वा प्रमाणको प्रतिलिपि - १ प्रति।
- सम्बन्धित वडा कार्यालयबाट "आर्थिक रूपमा विपन्नता" खुलाएको सिफारिस पत्र - १ प्रति।
- यसअघि कतैबाट पनि यस्तो तालिम वा सुविधा नलिएको भनी गरिएको **स्वघोषणा पत्र** र हालसालै खिचिएको पासपोर्ट साइजको फोटो - २ प्रति।

**३. छनोट प्रक्रिया:**

- प्राप्त दरखास्तहरू मध्ये मापदण्ड र कार्यविधि बमोजिम अति विपन्न, दलित, आदिवासी जनजाति तथा लक्षित वर्गलाई प्राथमिकता दिई छनोट समिति मार्फत योग्यता क्रमानुसार प्रशिक्षार्थी छनोट गरिनेछ र छनौट भएका नामावली गाउँपालिकाको Facebook page र Website मा प्रकाशन गरिनेछ ।

**४. दरखास्त दिने अन्तिम मिति र स्थान:**

- मिति: २०८३ साल असार ०१ गते कार्यालय समयभित्र प्रशासन, योजना तथा अनुगमन शाखामा भौतिक रुपमा वा E-mail: planning.sahidbhumi@gmail.com मार्फत कागजात पेश गर्न गराउन सकिनेछ ।

*(नोट: रीत नपुगी आएका वा म्याद नाघि आएका दरखास्तहरू उपर कुनै कारबाही गरिने छैन।)*

# निवेदन

मितिः

ने.सं.: ११४६

विषयः चार पाङ्ग्रे हलुका सवारी (Category-B,) तालिममा सहभागिता सम्बन्धमा।

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू
सहिदभूमि गाउँपालिका पिप्ले, धनकुटा।

सहिदभूमि गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयद्वारा मिति २०८३/०२/२२ गते प्रकाशित सूचना अनुसार प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२ मा निर्वाचन प्रहरीमा सहभागी भएका स्थानीय युवाहरूलाई लक्षित गरी सञ्चालन हुने **चार पाङ्ग्रे हलुका सवारी (Category-B,) तालिम** सम्बन्धी सूचनाको जानकारी प्राप्त भयो ।तत् सम्बन्धमा म यसै गाउँपालिकाको वडा नं. ...... को स्थायी बासिन्दा हुनुका साथै हालै सम्पन्न प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२ मा **निर्वाचन प्रहरीमा** खटिएको हुँदा तालिममा सहभागी हुन यो निवेदन पेश गरेको छु।

**व्यक्तिगत विवरणः**

१. आवेदकको पूरा नाम (नेपालीमा): ..................................................................
(In English): ..................................................................................
२. नागरिकता नं: ......................................... जारी जिल्ला र मितिः .........................
३. स्थायी ठेगानाः सहिदभूमि गाउँपालिका, वडा नं: .......... गाउँ/टोलः ................................
४. जन्म मितिः ..................................... उमेरः ........... लिङ्गः ................................
५. बाबु/पतिको नामः ......................................... मोबाइल नं: .............................
६. शैक्षिक योग्यताः ....................................................................................
७. निर्वाचन प्रहरीमा खटिएको विवरणः

- कार्यरत अवधिः .................................. खटिएको स्थानः ..................................

**संलग्न कागजातहरू:**

- नागरिकताको प्रतिलिपि [ १ थान ]
- निर्वाचन प्रहरीको प्रमाणपत्र प्रतिलिपि [ १ थान]
- शैक्षिक योग्यताको प्रमाणपत्र प्रतिलिपि [ १ थान]
- पासपोर्ट साइजको फोटो (२ प्रति)

निवेदकको हस्ताक्षर